# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# खप्तडछान्ना गाउँपालिका
# बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
खप्तड छान्ना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं मिति: २०७७।३।२६

श्री अध्यक्षज्यू,
खप्तड छान्ना गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **खप्तड छान्ना गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ७५ लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६१ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८० लाख २९ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३३ लाख ८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहित दुई दफाको रु.५ लाख ५ हजार असुल भई दाखिला भएको प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा वेरुजु प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ (पन्ध्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु¥याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।
२०७७ अषाढ २६ गते ।

## खप्तड छान्ना गाउँपालिका गाउँपालिका,बझाङ
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । यस गाउँपालीका अर्न्तगत ७ वटा वडा रहेका छन् ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

**खप्तड छान्ना गाउँपालिका**

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **४१९८२२७५.००** | १ | **चालु खर्च** | **२३९३६७१०३.७०** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **१०१२२८८९१.८३** |
| | ख) बैंक | ४१९८२२७५.०० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ३४०५९५९९५.५३ |
| २ | **राजस्व (आन्तरिक आय)** | **४३२९११०४.००** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ६०६०९९.०० | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ४२६८५००५.०० | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **२२४८३७०९६.४** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ९७८०००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १२७०३७०९६.४० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **समपुरक अनुदान** | |
| | घ) विशेष अनुदान | | ६ | **धरौटी फिर्ता** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **७३५८८५६.२४** | ७ | **कोष खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६७६१०००.०० | ८ | **मौज्दात** | **२३४६१८१४.९४** |
| | ख) राजस्व वाडफाड | ५९७८५६.२४ | | क) नगद मौज्दात | ०० |
| | ग) समपूरक अनुदान | | | ख) बैंक मौज्दात | २३८४५८४७.९४ |
| | घ) विशेष अनुदान | | | ग) धरौटी मौज्दात | ३२६७८१.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | घ) चेक साट्न बाँकी | (७१०८१४.००) |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| १० | **धरौटी आय** | **३२६७८१.००** | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विभिन्न शिर्षकको आय** | **४६२६१६९७.८३** | | | |
| | **जम्मा** | **३६४०५७८१०.४७** | | **जम्मा** | **३६४०५७८१०.४७** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय,चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण मिति २०७५/३/१० मा सभामा पेश गरि मिति २०७५/३/२२ मा गाउँसभाबाट पारीत गरेको छ । | |
| २. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन । | |
| ३. | **संचितकोष** : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्नेमा गरेको छैन । असार मसान्तमा पूँजीगत खाता रु १००।- र चालु खातामा रु.२,३८,४५,८४७/९४ मौज्दात रहेको देखिन्छ । उक्त रकम लेखापरीक्षण अवधि सम्म पनि मुलखातामा ट्रान्सफर गरी खाता शुन्य गरेको छैन । गाउँपालीकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ४. | **बैंक मौज्दात फरक परेको :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम फ्रिज नहुने शिर्षक तर्फको रकम वर्षान्तमा मौज्दात रहेमा आगामी वर्षमा जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७५ अनुसार यस गाउँपालीकाको गत वर्षको अन्तिम वैंक मौज्दात रु ४,२१,०२,१९५/१५ देखिएकोमा पालिकाको आर्थिक विवरण अनुसार यो वर्ष रु.४,१९,८२,२७५/- मात्र मौज्दात अ.ल्या. गरेको देखिएकोले रु १,१९,९२०।१५ घटी जिम्मेवारी सारेको देखियो । सो सम्वन्धमा परीक्षण हुंदा यस कार्यालयले रु.४,१९,८२,२७५/- को मौज्दात सर्टिफिकेट पेश गरेकोले पालिकाले जिम्मेवारी सारेको मौज्दात र लेखापरीक्षण प्रतिवेदनले देखाएको मौज्दात भिंडान हुन नसकेकोले सोको यर्थाथता यकिन गर्न सकिएन तसर्थ सो सम्वन्धमा वास्तविकता यकिन गरी घटी जिम्मेवारी सारेको भए सम्वन्धित पदाधिकारी लाई जिम्मेवार वनाई उक्त रकम दाखिला गरी मौजदात र वैंक खाता अध्यावधिक गर्नु पर्दछ । | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ६. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा परीक्षण हुंदा गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी | |

| | | |
|---|---|---|
| | सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्दै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| ७. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत सम्पन्न कार्यको संचालन वा मर्मत संभार उपभोक्ता समिति वा लाभ ग्राही समुदायले गर्नु पर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| ८. | **आन्तरिक आम्दानी र दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । तथा आर्थिक कार्यविधि नियमावली २०६४को नियम९(२) अनुसार कार्यालयले नगदी रसिद मार्फत दैनिक रुपमा प्राप्त गर्ने राजस्व आम्दानी ढिलोमा ७ दिनभित्र वैंक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले रसिद नियन्त्रण खाता राखेको छैन । वडामा वितरण गरेको रसिद ठेली लेखापरीक्षण अबधिसम्म गाउँपालीकामा फिर्ता नभएकोले लेखापरीक्षणमा पेश हुन सकेन । जसवाट कुन वडाबाट के कती राजस्व उठ्नु पर्ने हो कति उठयो र कति वाँकि छ ,सो यकिन हुन सकेन।साथै प्राप्त राजस्व तोकिएको समयमा वैंक दाखिला गरे नगरेको समेत यकिन हुन सकिएन । कार्यालयले विभिन्न स्रोत बाट प्रप्त आय बैंकमा जम्मा भए पश्चात वैंक स्टेटमेन्ट र भौचरको आधारमा गोश्वरा भौचर उठाई आम्दानी जनाउने गरेको छ । आर्थिक विवरण अनुसार गाउँपालीकाले आन्तरीक कर दस्तुर गरी रु.६,०६,०९९/-आम्दानी गरेको छ । प्राप्त रकम मूल खातामा सिधै जम्मा भएको राजस्वको हकमा वेनामी भौचर उठाई आम्दानी जनाएको कारण आन्तरिक आम्दानीको वास्तविक आवस्था यकिन गर्न सकिएन । तसर्थ कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानी रकमको असुली यर्थाथता यकिन गरी सवै आम्दानी रकम दैनिक रुपमा वैंक दाखिला गर्नु पर्दछ । | |
| ९. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले सो व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा सो समेत गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता पाउने नागरीकको लागि यस वर्ष रु ३,८८,९१,०००/-निकासा लिई खर्च गरेको देखिन्छ । यस्तो सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निर्देशिकाको प्रावधान पूर्ण रुपमा पालना गरेको देखिएन ।साथै MIS समेत उपलब्ध हुन नसक्दा Online verification गर्न सकिएन । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली लाई व्यवस्थित गर्नुपर्दछ । | |
| १०. | **चालु खर्च र आन्तरीक आम्दानिविच तुलना :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.६,०६,०९९।- रहेको देखिन्छ भने अनुगमन मुल्याङकनमा रु ८,८०,८७५/- र भ्रमण खर्चमा रु.२० लाख गरी जम्मा रु. २८,८०,८७५/- खर्च गरेको छ । यसरी आन्तरिक आय र दैनिक भ्रमण भत्ता खर्च वीचको अनुपात १:४.७५ अर्थात दैनिक भ्रमण खर्च आन्तरिक आयको तुलनामा ३७५ प्रतिशत वढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलब्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकामा संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलतापूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका | |

| | | |
|---|---|---|
| | करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ । साथै आन्तरीक आम्दानी वढाउने र सञ्चालन(चालु) खर्च घटाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ११. | **सार्बजनिक निर्माणतर्फ :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम सार्वजनिक निकायले निर्माण कार्यको विल वा विजकको भुक्तानी दिंदा निर्माण व्यवसायी संग भएको करारका शर्त अनुसार सम्पन्न कार्यको यर्थात नाँपजाँच भई सोको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस गाउँपालिका मार्फत भएका निर्माण कार्य सम्वन्धमा नियमावलीले तोके वमोजिमको आवस्यक प्रावधान पूर्ण पालना भएको देखिएन । तसर्थ सो सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनु पर्दछ । सार्वजनिक निर्माण कार्य सम्वन्धमा निम्नानुसार कैफियत देखिएकोले सुधार हुनु पर्दछ ।<br>१. सडकको नयाँ तथा पुराननो ठाउँमा माटो कटानको लागत र नापी किताव तथा मुल्याङ्कनमा माटोको वर्गीकरण को आधार खुलाएको छैन जसले गर्दा यथार्थ कामको मुल्याङ्कन तथा भुक्तानी भयो भन्न सकिएन ।<br>२. सडकको लागत अनुमान र नापी कितावमा चेनेजको सुरु प्वाइन्ट उल्लेख नगरेकोले कुन कुन स्थानमा कार्य गरेको हो खुलेन स्थलगत रुपमा केही योजना परीक्षण गर्दा सडकमा समेत चेनेज नलेखेकोले सबै कामको विगत र यस चालु वर्षमा समेत दोहोरो भुक्तानी हुन सक्ने देखियो । सडकको Structureहरुको पनि चेनेज उल्लेख नगरेकोले कुन कुन स्थानमा काम भयो एकिन गर्न सकिएन ।<br>३. सडकमा माटो कटान गर्दा Section तथा Cross Section Drawing समावेश गरेको छैन जस्ले गर्दा नापी कितावले देखाएको परीमाण यथार्थ हो भन्न सकिएन ।<br>४. Rate Analysis गर्दा Stone Collection र Transportationको Item मा Haulage Distance यथार्थ राखेको पाइएन, सबै स्थानमाMannualदेखाएको छ । जस्ले गर्दा दररेट वढी हुन जाने देखियो । केही योजनामा सिमेन्टलाई समेत असजिलो सामान मानी ढुवानी देखाउँदाQuantity को Rate Highभै लागत अनुमान वढी भै वढी भुक्तानी हुन गएको देखिन्छ । | |
| १२. | **खानेपानी निर्माण सामाग्रि खरिद :** यस गाउँपालिका वाट विभन्न योजनाको लागि खानेपानी निर्माण सामाग्री खरिद गरेकोमा निम्नानुसार भएको पाइयो । | |
| १२.१ | **गुणस्तर परीक्षण :** खरिद गरिएका पाइपहरु नेपाल गुणस्तर भएको प्रमाण संलग्न गरेको पाइएन । | |
| १२.२ | **पाईपको साईज फरक परेको** : लागत अनुमान तथा संभौता अनुसार ठेक्काको विड डकुमेन्टमा ३२/१० केजी को एच.डि.पि पाइप खरिद गर्नु पर्नेमा सहस्रलिंग निर्माण सेवा संग ३२/६ केजी को २५००० रनिङ मिटर सप्लाई गरेको पाइएकोले प्रति रनिङ मिटर ३४/१६ को दरले हुने रकम वढी भूक्तानी गरेको रकम असूल हुनु पर्ने रु. | ८,५४,०००/- |
| १३. | **साइट लेजर तयार नगरेको :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम सार्वजनिक निकायले निर्माण कार्यको विल वा विजकको भुक्तानी दिंदा निर्माण व्यवसायी संग भएको करारका शर्त अनुसार सम्पन्न कार्यको यर्थात नाँपजाँच गरी सोको आधारमा नापि कितावमा चढाउनु पर्ने व्यवस्था छ । नम्नानुसार योजनामा जिन्सी खातावाट पाइप खर्च लेखेकोमा जिन्सीको साइट लेजर तयार नगरेको र कार्य सम्पन्न गरी सम्वन्धित कार्यको नापि कितावमा समेत उक्त सामान नचढेकोले पाईप खर्चको यर्थाथता यकिन गर्न सकिएन तसर्थ निम्नानुसार नापिकितावमा नचढाएको पाइपको मौज्दात देखाउनु पर्ने देखिएको रु | ७,४१०/- |

| योजना | पाइप खर्च परिणाम | एम वि मा चढेको परिमाण | वाँकी |
|---|---|---|---|
| गोर्खाली खानेपानी | ३२/६-५७०० | १७०० | ४००० |
| गोर्खाली खानेपानी | २५/६-१७८० | ३८० | १४०० |
| गोर्खाली खानेपानी | २०/६-२४६० | ४०० | २०६० |

| | | | |
|---|---|---|---|
| गोर्खाली खानेपानी | ३२/६/४१०० | ४२०० | -१०० |
| घडा खानेपानी | २५/६-२०० | १५० | ५० |
| जम्मा | | | ७,४१०/- |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १४. | **मुल्य अभिवृद्किर दोहोरो भुक्तानी :** मुल्य अभिवृद्दि कर ऐन २०५२ दफा ८ अनुसार दर्ता भएको व्यक्तीले कर लाग्ने मुल्यमा तोकिएको दरमा मु.अ.कर असुल गर्नु पर्ने व्यवस्था छ। पालिकाले पाइपको लागत अनुमान तयार गर्दा धनगढी को मुल्यमा मुल्यअभिवृद्धि कर समावेश गरी तयार गरेकोमा निर्माण व्यवसायिले विजक जारी गर्दा पुन मुल्यअभिवृद्धि कर थप गरी भुक्तानी दिएको देखिएकोले मु.अ.कर दोहोरो परेको देखियो । ऐन वमोजिम तोकिएको दर भन्दा वढी मु.अ.कर थप गरी भुक्तानी गर्न मिल्ने देखिंदैन । तसर्थ निम्नानुसार २००५०.२० के.जी.को प्रति के.जी.रु ३४.४५को दरले देहोरो परेको मु.अ.कर रु ६,९०,७२९/३९असुल गरी दाखिला गर्नु पर्ने रु. | ६,९०,७२९/३९ |

| पाइपको साइज | परिमाण | जम्मा के.जी |
|---|---|---|
| HDP 40/6 | 5400x0.70 | ३७८० |
| HDP 32/6 | 25000x0.45 | ११२५० |
| HDP 25/10 | 6300x0.28 | १७६४ |
| HDP 20/10 | 10890x0.18 | १९६०.२ |
| HDP 50/6 | 1200x1.08 | १२९६ |
| **Total** | | **२००५०.२०** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १५. | **घाट खोला लिङ्गा सडक :** यस सडकको निर्माण कार्य  कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निम्नानुसार भएको पाइयो । | |
| १५.१ | **क्यालकुलेसन सिट समावेश नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम सार्वजनिक निकायले निर्माण कार्यको विल वा विजकको भुक्तानी दिंदा निर्माण व्यवसायी संग भएको करारका शर्त अनुसार सम्पन्न कार्यको यर्थात नाँपजाँच गरी सोको आधारमा नापि कितावमा चढाउनु पर्ने व्यवस्था छ । सडकको कामको Rate & Quantity Analysis को क्यालकुलेसन सिटको आधारमा कार्यको यर्थाथ नाँपजाँच गरी कायम भएको कार्यकोभुक्तानी दिनु पर्नेमा पालिकाले  अर्थ ओर्क एक्साभेसनको डिटेल अर्थ ओर्कसमावेश नगरी नापी कितावमा एकमुष्ट परिमाण मात्र देखाएकोले सोही वमोजिम भुक्तानी दिएको देखिंदा सो कार्यको यर्थाथत यकिन गर्न सकिएन । तसर्थ विस्तृत नापजाँच गरी कामको यर्थाथता र भुक्तानी खर्च यकिन गर्नु पर्ने देखिएको रु | २०,७४,६१२/७३ |

| कामको प्रकार | कार्य | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| 0+000 देखि 2+466 सम्म माटो कटान | Hard Soil | ६९४२.३० | ८२.६९ | ५७४०५८.७९ |
| | Soft Rock | ५३१३.२० | २८२.४२ | १५००५५३.९४ |
| **Total** | | | | **२०७४६१२.७३** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १५.२ | **जनश्रमदान घटी भएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४) अनुसार उपभोक्ता समिति संग भएको संझौता अनुसारको जनश्रमदानको अंश कटाई वाँकी रकम मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालय र उपभोक्ता समिति वीच भएको सम्झौता अनुसार मुल्याङ्कन रकमको २० प्रतिशत उपभोक्ता समितिले व्यहोर्नु पर्ने व्यवस्था भएकोमा भुक्तानी गर्दा १५ प्रतिशत मात्र व्यहोरेको पाइएकोले ५ प्रतिशतले हुने रकम वढी भुक्तानी हुन गएको रकम असुल गर्नु पर्ने रु. | ४१,४९२/२४ |
| १५.३ | **घटी कार्य गरेको :** उक्त सडकको लागत अनुमान रु ३२,८२,६००।- रहेकोमा रु २०,७४,६१२।६३ को मात्र कार्य गरी सोही वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार देखाएकोले संझौता अनुसारको कार्य नगरेकोमा उपभोक्ता समितिलाई जिम्मेवार वनाउनु पर्नेमा वनाएको छैन । | |
| १५.४ | **पेश्की वढी दिएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) बमोजिम एक तीहाई रकम मात्र प्रथम पेश्की दिनुपर्नेमा नियमानुसार दिनु पर्ने भन्दा रु १,१५,०००/- वढी | १,१५,०००/- |

| | | |
|---|---|---|
| | पेश्की दिएको रकम अनियमित देखिएको रु. | |
| १६. | **कुचेखोला पौवागढी सडक :** यो सडकको निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निम्नानुसार भएको पाइयो । | |
| १६.१ | **वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८)मा कुनै रकमको भुक्तानी दिंदा खर्चको रित पुगे नपुगेको सम्वन्धमा जाँच गरी यर्थाथता यकिन गर्नु पर्ने व्यवस्था गरेको छ । १४२५ घ.मी.पहिरो सफा गरेकोमा पहिरो सफा गर्नेको दर रु ३४.३२ को दरले भुक्तानी दिनु पर्नेमा माटो कटान गरेको देखाई रु ८२.६९ को दरले खर्च लेखेको पाइएकोले रु ४८.३७ को दरले वढी खर्च लेखेको रकम असूल गर्नु पर्ने रु. | ६८,९२७/२५ |
| १६.२ | **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(११)वमोजिम उपभोक्ता समिति मार्फत भएको कामको यर्थाथ नाँपजाँच गरी सोही वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस सडकको कार्य सम्पन्न प्रतिवेदनले सम्पन्न कामको यथार्थ परिमाण देखाएको छैन ।तसर्थ सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ । | |
| १६.३ | **दर विश्लेषण यथार्थ नभएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार दर विश्लेषण गरी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । यस सडकको लागत अनुमान तयार गर्दा फरक फरक चेनेजमा ढुङ्गाको कटान भएतापनि ग्याविनको जालीमा ढुङ्गा भर्नको लागि ५०० मिटर टाढाको देखाएकोले दर विश्लेषण यथार्थ देखिएन । | |
| १७. | **उपभोक्ता पेश्की :** २९४/२०७६/३/२० सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) बमोजिम उपभोक्ता समितिलाई संझौता रकमको वढीमा एक तीहाई सम्म मात्र पेश्की दिनुपर्ने व्यवस्था छ । नियमको उक्त व्यवस्था वमोजिम मायापाटा पोखरी निर्माणको उपभोक्ता समितिलाई सम्झौता रकमको ३३ प्रतिशत मात्र पेश्की दिनुपर्नेमा सो भन्दा वढी पेश्की दिएको अनियमित देखिएको रु. | ३,२९,७५०/- |
| १८. | **ड्रइङ्ग पेश नभएको :** सार्वजनिक खरिद नियमावली २०६४ को १२५(३) वमोजिम निर्माण कार्यको भुक्तानी दिंदा ड्रइङ डिजाईन अनुसार भए नभएको नाँपजाँच गरी सोही वमोजिम प्रतिवेदन पेश गरेको आधारमा मात्र भुक्तानी दिने व्यवस्था छ । मायापाटा पोखरी औलीकुलो सिंचाई,खापरेश्वर लघु जलविद्युत भेराखानी नहर लगायतको योजनाको ड्रइङ्ग समावेश नभएकोले क्वान्टिटी यकिन गर्न सकिएन । | |
| १९. | **खापरेश्वर लघु जलविद्युत** : खापरेश्वर लघु जलविद्युत विधुत आयोजना सिम्डीडाड को अर्थ ओर्क एक्साभेसन को चौडाई ०.५ मि रहेकोमा स्टोन सोलिङ को चौडाई ०.९० मिटर देखाएकोले एउटै कार्यको ओर्क एक्साभेसनको परिमाण र स्टोन सोलिङ को परिमाण फरक देखाउन मिल्ने नदेखिएकोले स्टोन सोलिङमा ०.४० मिटरले वढी देखाएकोले ४६७ रनिङ्ग मिटरको २.२० मिटर उचाईले हुने परिमाण ३७.३६ घन मिटरको प्रति घ.मी. रु ८०३५.२० को दरले हुने वढी भुक्तानी गरेको असूल हुनु पर्ने रु. | ३,००,१९५/०७ |
| २०. | **उपभोक्ता मार्फत सामाग्री खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम९७(१)क अनुसार रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था गरेको छ । तर सामाग्रि खरिद गर्न उपभोकक्ता लाई सोझै रकम भुक्तानी दिन मिल्ने व्यवस्था गरेको देखिदैंन । सामान खरिद कार्य सार्वजनिक खरिद नियमावली २०६४को नियम ३१ अनुसार रु २० लाख भन्दा वढीको खरिद वोल पत्रको माध्यमद्धारा खरिद कार्य गराउनु पर्ने व्यवस्था गरेकोमा यस पालिकाले सो वमोजिम नगरी भेराखानी नहर भवन र पोल को कार्यको लागि सामान खरिद गर्न उपभोक्ता समितिलाई रु ५६,५८,५४२।१० रकम उपलव्ध गराएको देखियो । उपभोक्ता समितिले नियमको उक्त व्यवस्था वमोजिम वोल पत्रको माध्य वाट खरिद नगरी सोझै खरिद गरेको देखियो । यसरी प्रतिष्पर्धा सिमित हुने गरी सामानको लागत अनुमानको स्पष्ट आधार वेगर उपभोक्ता मार्फत सोझै खरिद कार्य गराएको र खरिद गरीएको सामानको जिन्सी दाखिला समेत गरेको नदेखिएकोले उक्त खरिद कार्य अनियमित देखिएको रु | ५६,५८,५४२/१० |
| २१. | **ड्रईङ अनुसार लागत अनुमान तयार नभएको :**सार्वजनिक खरिद नियमावली २०६४ को | |

| | | |
|---|---|---|
| | नियम १०(६) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा ड्रईङ अनुसार भए नभएको प्राविधिक रुपमा पुष्टि गर्नु पर्ने व्यवस्था छ । लामातोला आधारभुत भवन निर्माणको लागत अनुमान तयार गर्दा ड्रइङमा उल्लेखित परीणाम भन्दा निम्नानुसार वढी परीणाम देखाएको र सोही अनुसार नापी किताव तयार गरी भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. | ७,०१,०५६/३८ |

| कामको विवरण | देखाउनु पर्ने परिमाण | देखाएको परिमाण | वढी देखाएको परिमाण | दर | जम्मा वढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| Stone masonary 1:6 First Floor | ९५.५८१ | १५२.५८ | ५७.०९९ m3 | १२२७७.९१ | ७०१०५६.३८ | Footingमा 0.8 उचाई देखाउनु पर्नेमा 1.8 उचाई देखाएको सुपरस्टक्चरमा2.475 m उचाई खाल्नु पर्नेमा 3 मिटर देखाएको |

| | | |
|---|---|---|
| २२. | **सार्वजनिक भवन निर्माण :**यस भवनको निर्माण कार्य संजिवनी निर्माण सेवा मार्फत ठेक्का संझौता गरी कार्य गराएको देखियो । सो निर्माण कार्यको श्रेष्ता परीक्षणवाट देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| २२.१ | **ठेक्का फाईल** :आर्थिक कार्यविधि नियमावली २०६४को नियम ९७ अनुसार कार्यालय प्रमुखले खर्चको सवै विल भपाई तथा ठेक्का फाईल लेखापरीक्षक समक्ष पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ । उपरोक्त वमोजिमको भवन र्मिाण सम्वन्धि ठेक्का फाईल लगायतको आवस्यक श्रेष्ता कागजात लेखापरीक्षणको लागि पेश भएन ।सो सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्ने देखियो । | |
